# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

### गभर्नर डा. खतिवडा र एडिबीका अध्यक्ष ताकेहिको नाकाओबीच भेटवार्ता

गभर्नर डा. युवराज खतिवडा र नेपाल भ्रमणमा रहनु भएका एशियाली विकास बैंक (एडिबी)का अध्यक्ष ताकेहिको नाकाओ बीच माघ २१ गते द्विपक्षीय भेटवार्ता सम्पन्न भयो ।



भेटमा गभर्नर डा. खतिवडाले नेपाल राष्ट्र बैंकले वित्तीय पहुँच सहितको वित्तीय स्थायित्वमा जोड दिइरहेको जानकारी गराउनु भयो । वित्तीय स्थायित्वका लागि वित्तीय क्षेत्रको एकीकरण गर्न मर्जर र एक्विजिसनको नीति अवलम्बन गरिएको र सोको फलस्वरुप बैंक तथा वित्तीय संस्थाहरुको पुँजी वृद्धि लगायतका क्षमतामा अभिवृद्धि हुँदै गई वित्तीय क्षेत्र थप सबल हुँदै गएको व्यहोरा समेत उहाँले जानकारी गराउनु भयो । यसका साथै, विपन्न वर्ग कर्जा व्यवस्था र तोकिएको उत्पादनशील क्षेत्रमा निर्देशित कर्जा व्यवस्थाको माध्यमबाट आर्थिक वृद्धि तथा वित्तीय पहुँच बढाउने नीति लिइएको जानकारी गभर्नर डा.खतिवडाले दिनु भयो । वित्तीय पहुँचका लागि ग्रामीण भौतिक पूर्वाधार महत्वपूर्ण रहेको बताउँदै गभर्नर डा. खतिवडाले एशियाली विकास बैंकले नेपालको पूर्वाधार विकासमा पुऱ्याएको योगदानको सराहना गर्नुभयो ।

नेपालको मुद्रस्फीति दर बारे अध्यक्ष नाकाओले राख्नु भएको चासोका सम्बन्धमा नेपालको अर्थतन्त्रको संरचनागत समस्याका कारण मुद्रास्फीतिदर बढी भएको जानकारी दिनुहुँदै गभर्नर डा. खतिवडाले मुद्रास्फीतिमा खाद्यान्न, तरकारी तथा फलफूल, दूध र मासुको उत्पादन लागत मजदूरको ज्याला तथा कृषि सामग्रीको मूल्यवृद्धिको भूमिका गहन रहेको र ढुवानी खर्चका कारण आयातीत वस्तुको समेत मूल्य बढ्न गई मुद्रस्फीतिमा असर पर्ने गरेको जानकारी दिनुभयो । यस सन्दर्भमा आपूर्ति पक्षबाट हुने मुद्रास्फीति कम गर्न कृषि र उत्पादनशील क्षेत्रमा कर्जा बढाउने नीति लिइएको जानकारी समेत गभर्नर डा. खतिवडाले गराउनु भएको थियो ।

नेपालको व्यापार घाटामा भएको वृद्धि चुनौतीपूर्ण रहेको र त्यसबाट शोधनान्तर अवस्थामा नकारात्मक असर पर्न नदिन चनाखो रहेको जानकारी दिँदै गभर्नर डा. खतिवडाले रेमिटान्सले त्यसतर्फ योगदान दिएको तथा आन्तरिक रोजगारी सिर्जनामा पनि रेमिटान्स सहायक रहेको जानकारी दिनुभयो । नेपालको उत्पादनमा वृद्धि गरेर मात्र व्यापार घाटा घटाउन सकिने र औद्योगिक उत्पादनका लागि उर्जा अहिलेको मुख्य समस्या रहेको जानकारी गभर्नर डा. खतिवडाले दिनुभयो । नेपालको विमियदर प्रणालीका बारेमा अध्यक्ष नाकाओले भारतसँगको व्यापारको संरचना हेरेर नै नेपालले स्थिर विनिमयदर प्रणाली लागू गरेको हुनसक्ने धारणा राख्नु भएको थियो ।

अर्थतन्त्रले माग गरेको उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह बढाई आर्थिक वृद्धिमा योगदान पुऱ्याउने गरी वित्तीय साधनको वितरण गर्न केन्द्रीय बैंकको भूमिका महत्वपूर्ण हुने विषयमा समेत दुईपक्षबीच छलफल भएको थियो । यस सन्दर्भमा उत्पादन तथा उद्यमशीलताको विकासमा ग्रामीण क्षेत्रमा खुलेका कृषि सहकारीहरुले प्रभावकारी भूमिका खेलिरहेको धारणा समेत गभर्नर डा. खतिवडाले राख्नुभएको थियो ।

नेपाल राष्ट्र बैंक, बालुवाटारमा भएको सो भेटवार्तामा डेपुटी गभर्नरद्वय श्री गोपालप्रसाद काफ्ले र महा प्रसाद अधिकारी तथा एडिबीका प्रतिनिधि मण्डलका सदस्यहरु समेतको उपस्थिति रहेको थियो ।

**२०७१ माघ २१ गते बुधबार**

**गभर्नरको कार्यालय**